धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २६ ◆ २०८३ साउन २६ गते मंगलबार, Tuesday, August 11, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## धादिङका उत्कृष्ट १० व्यवसायीलाई 'प्रत्यूष' ले सम्मान गर्ने

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङबाट प्रकाशित हुँदै आएको राष्ट्रिय दैनिक 'प्रत्यूष' ले जिल्लाको आर्थिक तथा व्यावसायिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने उत्कृष्ट १० जना व्यवसायीलाई यस वर्ष सम्मान गर्ने भएको छ ।

जिल्लाको उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा योगदान पुऱ्याउँदै आएका व्यवसायीहरूको पहिचान, प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले 'प्रत्यूष'ले पहिलोपटक 'धादिङका उत्कृष्ट १० व्यवसायी सम्मान' कार्यक्रम आयोजना गर्न लागेको हो ।

व्यवसायको आर्थिक योगदान, रोजगारी सिर्जना, लगानी, कर तथा राजस्वमा योगदान, व्यवसायको निरन्तरता तथा विस्तार, स्थानीय उत्पादनको प्रवर्द्धन, सामाजिक उत्तरदायित्व, नवप्रवर्तन, सुशासन तथा व्यवसायिक प्रतिष्ठा लगायतका विभिन्न सूचकका आधारमा उत्कृष्ट व्यवसायी छनोट गरिने छ । आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने व्यक्तित्व र संस्थाहरूको पहिचान तथा सम्मान गर्ने उद्देश्यले कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिइनेछ ।

आगामी वर्षहरूमा व्यवसाय तथा उद्योग क्षेत्रबाहेक शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सामाजिक सेवा, कला-साहित्य, सञ्चार, खेलकुद, नवप्रवर्तन तथा सार्वजनिक सेवाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई समेत विभिन्न विधामा सम्मान गर्ने योजना रहेको छ ।

धादिङको आर्थिक, सामाजिक र व्यावसायिक विकासमा योगदान पुऱ्याउने उत्कृष्ट व्यक्तित्वहरूको पहिचान र सम्मानले नयाँ पुस्तालाई उद्यमशीलता, सिर्जनशीलता र सामाजिक उत्तरदायित्वतर्फ प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

## सार्वजनिक सवारीका चालकको छ-छ महिनामा स्वास्थ्य परीक्षण गर्नुपर्दछ : सांसद श्रेष्ठ

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य बोधनारायण श्रेष्ठले सार्वजनिक सवारी साधनका चालकको हरेक छ महिनामा अनिवार्य स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै उहाँले सार्वजनिक यातायातलाई सुरक्षित बनाउन सवारी साधनको यान्त्रिक अवस्थासँगै चालकको शारीरिक तथा मानसिक स्वास्थ्यको पनि नियमित परीक्षण आवश्यक रहेको बताउनुभयो ।

सांसद श्रेष्ठले यही साउन २३ गते धादिङमा भएको घटनाको उदाहरण दिँदै १८ जना कानुन व्यवसायी सवार विद्युतीय माइक्रोबसका चालकलाई सवारी चलाइरहेका बेला हृदयघात भएको जानकारी गराउनुभयो । चालकले अस्वस्थ हुँदाहुँदै पनि सवारी सुरक्षित रूपमा रोक्न सफल भएकाले यात्रु सकुशल रहे पनि चालकको निधन भएको उहाँले उल्लेख गर्नुभयो ।

यस्ता घटनाबाट पाठ सिकेर सार्वजनिक सवारीका चालकको प्रत्येक छ महिनामा अनिवार्य स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्य परीक्षणसम्बन्धी विवरण डिजिटल अभिलेखमा राख्ने तथा चालकका लागि नियमित मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्ने सांसद श्रेष्ठको भनाइ थियो । उहाँले बिरामी भएका चालकको पूर्ण स्वास्थ्य परीक्षण गरी सवारी चलाउन योग्य रहेको पुष्टि भएपछि मात्रै पुनः सवारी सञ्चालन गर्न दिनुपर्ने कानुनी तथा



व्यावहारिक व्यवस्था आवश्यक रहेको बताउनुभयो । यातायात व्यवसायीसँग समन्वय गरी चालकको नियमित स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## स्काउटका पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाडौँ । सर्वोच्च अदालतले नेपाल स्काउटका निर्वाचित पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले यही साउन ५ गते निर्वाचित उक्त पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न सोमबार अल्पकालीन अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, "यही साउन ५ गते निर्वाचितहरूलाई पदमुक्त गर्ने गरी नेपाल स्काउटको प्रमुखबाट भएको निर्णय कार्यान्वयन नगर्नु/नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ ।"

स्काउटका निर्वाचित पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय रोक्न रवि खनालसमेतले रिट निवेदन दायर गर्नुभएको थियो । स्काउटको राष्ट्रिय परिषद् तथा प्रदेश परिषद्का विभिन्न पदमा चार वर्षका लागि निर्वाचित भएकाले बीचमा हटाउन नमिल्ने रिट निवेदनमा उल्लेख छ । अदालतले दुवै पक्षलाई आगामी भदौ ३ गतेका लागि छलफलमा बोलाएको छ ।

## आहारा बढेपछि शुक्लाफाँटामा बढ्दै पाटेबाघ

❑ *प्रत्यूष समाचारदाता*

कञ्चनपुर । कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्याप्त आहारा प्रजातिको उपलब्धता बढेपछि यहाँ पाटेबाघको सङ्ख्या वृद्धि भएको छ । ३०५ पाँच वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जमा पाटे बाघको सङ्ख्या ५० पुगेको हो ।

चार वर्षअघि गरिएको राष्ट्रिय बाघ सर्वेक्षणमा यहाँ बाघको सङ्ख्या ३६ रहेकामा गत चैतमा गरिएको सर्वेक्षणमा उक्त सङ्ख्या बढेर ५० पुगेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले जानकारी दिनुभयो । उहाँले निकुञ्जमा पानीको पर्याप्त उपलब्धता, एसियाकै ठूलो घासेमैदान र आहारा प्रजातिको घनत्व बढेकाले शुक्लाफाँटामा पाटेबाघको सङ्ख्यामा वृद्धि भएको बताउनुभयो ।

"निकुञ्जमा हाल एक वर्ग किलोमिटरमा ११३ वटा आहारा प्रजाति उपलब्ध छन्", संरक्षण अधिकृत वाग्लेले भन्नुभयो, "यहाँ चोरीसिकारी शून्य छ । निकुञ्जभित्र पानीको उपलब्धता पनि प्रशस्त भएकाले बाघको सङ्ख्या बढेको हो ।" राष्ट्रिय निकुञ्जमा सन् २०१३ मा १७ वटा बाघ थिए । निकुञ्ज कार्यालयका अनुसार २०१८ मा १६, सन् २०२१ मा १९ र सन् २०२२ बाघको सङ्ख्या ३६ पुगेको थियो ।

निकुञ्जमा क्यामेरा ट्रयापिङ्ग विधिबाट गरिएको गणनाअनुसार यसवर्ष बाघको सङ्ख्या बढेर ५० पुगेको हो । निकुञ्जभित्र रहेका रानी ताल, बाबा ताल, चौधर नदी र महाकाली नदी वन्यजन्तुका लागि पानी पिउने प्रमुख स्रोत बनेका छन् । यसबाहेक निकुञ्ज कार्यालयले पनि वन्यजन्तुका लागि विभिन्न स्थानमा कृतिम पोखरी निमार्ण गरेको छ । राष्ट्रिय निकुञ्जमा बाघको मुख्य आहारका रूपमा चित्तल, जरायो, रतुवा, जङ्गली बँदेललगायत वन्यजन्तु रहेका निकुञ्जका संरक्षण अधिकृत वाग्लेले जानकारी दिनुभयो । "यी आहारा प्रजातिको सङ्ख्या र घनत्व पर्याप्त हुँदा बाघलाई आवश्यक आहारा जङ्गलमा उपलब्ध हुने भएकाले आहारा खोज्नुपर्ने अवस्था कम छ । सोही कारणले शुक्लाफाँटामा थोरै क्षेत्रफलमा पनि बाघको सङ्ख्या धेरै छ", उहाँले भन्नुभयो । शुक्लाफाँटाको विशेषता यहाँको विशाल घाँसेमैदान पनि हो । यहाँका फाँटमा चित्तललगायत शाकाहारी वन्यजन्तुका लागि प्रशस्त घाँस तथा पानीको उपलब्धता छ । शुक्लाफाँटामा राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या बढ्दै जानु सुखद पक्ष भएपनि यसले व्यवस्थापनमा चुनौती थपेको निकुञ्जका संरक्षण अधिकृत वाग्लेले बताउनुभयो । बाघको सङ्ख्या बढेसँगै मध्यवर्ती क्षेत्रसँग जोडिएका मानव बस्तीमा आवतजावत बढ्न सक्ने भएकाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई पनि प्राथमिकतामा राख्नुपर्ने राष्ट्रिय प्रकृति संरक्षण कोष शुक्लाफाँटा कार्यक्रमका प्रमुख लक्ष्मी जोशीले बताउनुभयो । "बुढो बाघ बस्तीतर्फ आउने जोखिम हुन्छ, त्यसका लागि समुदायलाई तयार पार्नुपर्छ", उहाँले भन्नुभयो ।

## लुम्बिनीमा आरोग्य पर्यटन प्रवर्द्धन अभियान

रूपन्देही । लुम्बिनी प्रदेशमा धार्मिक पर्यटनसँगै आरोग्य पर्यटन प्रवर्द्धन अभियान सुरु भएको छ । बुद्ध जन्मस्थल भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले आरोग्य अभियान थालिएको हो ।

निजी क्षेत्रको ट्रान्क्विलिटी स्पाले लुम्बिनीलाई केन्द्रमा राखेर हालै भैरहवामा पर्यटन व्यवसायीसँग अभियानबारे छलफल गरेको छ । स्पाका लुम्बिनी प्रदेश क्षेत्रीय निर्देशक नवीन थापाले आरोग्य पर्यटन सम्बन्धी 'प्याकेज'बारे जानकारी दिँदै योग, ध्यान, मसाज, हाइड्रोथेरापी, स्टिम बाथ, बडी स्क्रब, फिटनेस तथा अन्य आरोग्य सेवाका विशेषताबारे बताउनुभयो ।

लुम्बिनी प्रदेश होटल एसोसिएसन अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले अब आरोग्य पर्यटनको बजारीकरणमा लाग्नुपर्नेमा जोड दिनुभयो । नाटा का सदस्य चन्द्र थापाले आरोग्य पर्यटनलाई नियमित पर्यटकीय प्याकेजसँग जोड्न सके नेपालमा पर्यटकको बसाइ बढाउन सकिने बताउनुभयो ।

## खानेपानी योजनाको दिगोपनामा नीलकण्ठको जोड, अधिकाँश घरधुरीमा पहुँच

❑ *प्रत्यूष समाचारदाता*

धादिङवेसी । नीलकण्ठ नगरपालिकाले सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने लक्ष्यसहित ७६ वटा खानेपानी आयोजना अघि बढाउने तयारी गरेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) कार्यान्वयन गरिरहेको नगरपालिकाले नयाँ आयोजना निर्माणसँगै सञ्चालनमा रहेका योजनाको मर्मतसम्भार र दिगोपनालाई प्राथमिकता दिएको जनाएको छ ।

नगर प्रमुख भीमप्रसाद ढुंगानाका अनुसार नगरपालिकाका हाल करिब ८० देखि ८५ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ । सञ्चालनमा रहेका पुराना आयोजनाको प्रभावकारी मर्मतसम्भार र संरक्षण गर्न सके यो पहुँच ९० प्रतिशतभन्दा माथि पुऱ्याउन सकिने उहाँले बताउनुभयो । नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको आयोजना तथा नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको प्राविधिक सहयोगमा आयोजित दुईदिने वास योजना बैठकमा नगर प्रमुख ढुंगानाले खानेपानीलाई नगरपालिकाले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

नगरपालिकाले सबै घरधुरीमा खानेपानी पुऱ्याउने उद्देश्यले ७६ आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको छ । खानेपानी आयोजना कार्यान्वयनका लागि करिब २० करोड रुपैयाँ स्रोत व्यवस्थापन गर्ने तयारी भइरहेको जनाइएको छ । नगर प्रमुख ढुंगानाले नयाँ आयोजना थप्ने मात्र नभई विगतमा निर्माण भएका खानेपानी योजनाको नियमित मर्मतसम्भार र संरक्षणका लागि पर्याप्त लगानी आवश्यक रहेको बताउनुभयो ।

वास प्लानमा नगरपालिकाका १४ वटै वडाको खानेपानी अवस्था, विद्यमान आयोजना, पहुँच, मर्मतसम्भारको आवश्यकता र आगामी योजनालाई समेटिएको छ। खानेपानीसँगै सरसफाइ र फोहोर व्यवस्थापनलाई समेत समग्र सहरी विकाससँग जोडेर अघि बढाउने नगर पालिकाको योजना छ । बैठकमा खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजन इन्जिनियर डा. रजित ओझा र इन्जिनियर निरव वैद्यले सहजीकरण गर्नुभएको थियो ।

## प्राचीन धर्मग्रन्थ संकलन गर्दै धार्मिक पुस्तकालय

बागमती । हेटौँडा उपमहानगरपालिका-१० स्थित गोरक्षेश्वर दिव्यधाम, राप्तीघाटस्थित संस्कृत वेद विद्यालयमा अवस्थित पुस्तकालय मा प्राचीन धर्मग्रन्थ सङ्कलनलाई अभियानका रुपमा अघि बढाइने भएको छ ।

विक्रम संवत् २०५६ मा विद्यालय स्थापना भएदेखि नै विद्यार्थीका लागि अत्यावश्यक पुस्तक सङ्कलनबाट सुरु गरिएको पुस्तकालयलाई थप व्यवस्थित गर्दै प्राचीन महत्वका धार्मिक पुस्तक सङ्कलन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । पुस्तकालयमा हाल करिब २५० को सङ्ख्यामा मात्रै पुस्तक सङ्कलित भएको बताउँदै उहाँले प्राचीन महत्वका धार्मिक पुस्तक उपलब्ध गराउन सबैमा आग्रह गर्दै पुस्तकालयलाई व्यवस्थित बनाउनका प्रदेशको पर्यटन मन्त्रालयले गत आर्थिक वर्ष २०८१/०८२ मा रु दुई लाख उपलब्ध गराएको थियो ।

सम्पादकीय ....

## रोकिएला महंगी ?

सबैभन्दा जटिल अवस्था त दैनिक उपभोग तथा भान्सासँग आबद्ध वस्तुको भाउमा धेरै मूल्यवृद्धि देखिएको छ । केन्द्रीय बैङ्कका अनुसार २०८३ जेठमा खाद्य तथा पेयपदार्थ समूह अन्तर्गत फलफूल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १७.४० प्रतिशतले बढेको छ । दैनिक भान्सामा प्रयोग हुने घिउ तथा तेलको मूल्यवृद्धि १५.१० प्रतिशत छ । जेठसम्म माछा तथा मासुको मूल्य ५.२६ प्रतिशत र तरकारीको ४.१४ प्रतिशतले बढेको छ । तरकारीको मूल्यवृद्धि असार, साउनमा अझ बढी भएको छ ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १६.६८ प्रतिशतले बढेको छ । पश्चिम एसियाको अशान्तिले इन्धनको मूल्यमा भएको वृद्धिको प्रभाव यातायात क्षेत्रमा परेको छ । यातायातको भाडा १५.३१ प्रतिशतले मूल्यवृद्धि भएको छ । इन्धनको मूल्यवृद्धिले यातायात क्षेत्रका साथै आपूर्ति प्रणालीलाई नै महँगो बनाएको छ । असार र साउन बर्षातका महिना भएकाले बाढीपहिरो आदिले सडक अवरुद्ध हुन गई उपयोग्य वस्तुको मूल्य बढ्न गएको छ । मूल्यसँगै कति वस्तुको अभाव पनि भएको छ । यताका दिनमा खाना पकाउने ग्यासको अभावले पनि उपभोक्तालाई तनावमा पार्न थालेको छ ।

केन्द्रीय बैङ्ले २०८३ जेठमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ८.४७ प्रतिशत रहेको जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.५६ प्रतिशत मात्र रहेको थियो ।

मध्यवर्ती वस्तुको मुद्रास्फीति १४.६४ प्रतिशत रहेको छ । यसले पनि दोहोरो अङ्कले मूल्यवृद्धि बढेको देखाउँछ । यो अवधिमा भारतमा मुद्रास्फीति ३.९३ प्रतिशत रह्यो भने नेपालमा भने ५.२२ प्रतिशत पुग्यो । बजार मूल्य बढाउन बैङ्क तथा वित्तीय संस्थामा रहेको अधिक तरलताले पनि भूमिका निर्वाह गरेको हुन सक्छ । बैङ्क तथा वित्तीय संस्थासँग यतिबेला १५ खर्ब रुपियाँ हाराहारी लगानीयोग्य पुंजी निक्षेप रहेको छ । निक्षेपमा ब्याजदर असाध्य न्यून हुन पुगेको छ । वार्षिक मुद्दती निक्षेपसमेत तीन प्रतिशत हाराहारी मात्र ब्याज प्राप्त हुन्छ । बचतमा ब्याजदर त्योभन्दा अझै न्यून छ । यसले बचतमा प्रतिकूल असर पार्न सक्ने हुन्छ । ब्याजदरलाई मुद्रास्फीतिले उछिन्दा बजारभाउ बढ्न सक्छ । न्यून ब्याजदरले उपभोग प्रवृत्तिलाई बढाउन सक्छ ।

बैङ्क तथा वित्तीय संस्थामा अधिक तरलता भए पनि लगानी बढ्न सकेको छैन । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले केही दिनअघि मात्र केन्द्रीय बैङ्कका उच्च अधिकारीसँगको छलफलमा अधिक तरलता र कर्जाको न्यून ब्याजदर हुँदा पनि किन लगानी बढ्न सकेको छैन ? भन्ने प्रश्न गर्नुभयो । यो प्रश्नको सार्थक जवाफ भने आउन सकेको छैन । लगानी प्रोत्साहन हुन नसक्नुमा बहुआयामिक तत्वले प्रभाव पारिरहेको हुन सक्छ । विदेशमा काम गर्न गएका नेपालीले पठाएको रकम अर्थात् विप्रेषण उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सक्नुपर्ने थियो । लगानी हुन सकेको छैन तर सोही कारणले पनि तरलता चाप बढेको तथा मूल्यमा चाप पार्न थालेको देखिन्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## विद्युतीय सवारीसाधनको मोह बढ्दै

हिमाल लम्साल

सरकारले विद्युतीय सवारीलाई प्रोत्साहन गर्ने नीति लिएपछि ग्राहकहरुको रोजाईमा विद्युतीय सवारीसाधन पर्दै आइरहेको छ । पेट्रोलियम पदार्थको भन्दा निकै कम खर्च लाग्ने, वातावरण अनुकूल र स्वास्थ्यका पनि राम्रो भएसँगै सर्वसाधारण विद्युतीय सवारीसाधनतर्फ आकर्षित भइरहेका छन् ।

राज्यको पेट्रोलियम पदार्थको निर्भरता घटाउदैं कर तथा वित्तीय प्रोत्साहनका उपाय र सहज लगानीका कारण पनि आयातसँगै सर्वसाधारण ग्राहकको रोजाइमा पर्दै आइरहेको छ । पूर्वाधार विकास मन्त्रालयले हालसालै सार्वजनिक गरेको राष्ट्रिय यातायात नीति २०८३ मा नेपालमा हाल आयात हुने निजी कारहरुमध्ये विद्युतीय सवारीसाधनको हिस्सा ७० प्रतिशतभन्दा बढी रहेको औल्याएको छ ।

नयाँ सवारीसाधनको बिक्री क्षेत्रमा विद्युतीय सवारीसाधनको बजार हिस्सा आधारमा नेपाल विश्वमै दोस्रो स्थानमा पर्न सफल भएको छ । जुन नर्वेभन्दा मात्र पछाडि हो । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष ध्रुव थापाले नेपालमा विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको रोजाई बढ्दै गइरहेको बताउनुभयो । "नेपालमा कुल आयात हुने चारपाङ्ग्रे सवारीसाधनमध्ये ७० प्रतिशतभन्दा धेरै हिस्सा विद्युतीय सवारीसाधनको रहेको छ । यसले पक्कै पनि यहाँ विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको आकर्षण बढेको देखाउँछ," उहाँले भन्नुभयो, "विद्युतीय सवारीसाधनको आयातसँग सोसँग आवश्यक पर्ने चार्जिङ स्टेशन र सडक लगायतका पूर्वाधारमा समेत विशेष जोड दिन आवश्यक भइसकेको छ ।"

पूर्वअध्यक्ष थापा नेपालमा रु १५ लाखदेखि चार करोड मूल्य पर्ने विद्युतीय सवारीसाधनको आयात हुँदै आइरहेको बताउनुहुन्छ । "नेपाली ग्राहकहरुमा किफायती मूल्यका चार पाङ्ग्रे विद्युतीय सवारीसाधनदेखि अत्याधुनिक फिचर्स भएका विद्युतीय सवारीसाधनतर्फ मोह बढिरहेको छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय यातायात नीति २०८३ पनि विद्युतीय सवारीसाधन र चार्जिङ्ग स्टेशनलाई प्रवर्द्धन गर्ने गरी कार्यान्वयनमा ल्याइएको छ । मन्त्रिपरिषद्को २०८३ असार २४ गते बसेको बैठकले पारित गरी कार्यान्वयनमा ल्याएको यस नीतिमा नेपालको एकीकृत यातायात प्रणालीलाई सुरक्षित, सुलभ, दिगो र प्रतिस्पर्धी बनाउँदै आर्थिक समृद्धि, सामाजिक समावेशीता र क्षेत्रीय एकीकरणमा प्रभावकारी योगदान पुऱ्याउने मुख्य लक्ष्य राखिएको छ ।

नेपाल सरकारले बिबिआइएन, सासेक र बिमस्टेकजस्ता क्षेत्रीय मञ्चहरुमार्फत क्षेत्रीय सम्पर्क, आर्थिक करिडोर विकास तथा सीमापार यातायात प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न पहलहरु अघि बढाउँदै आएका कारण पनि यातायात क्षेत्रमा सुधारका सङ्केतहरु देखापरेका छन् । बढ्दो जलवायु परिवर्तनजन्य जोखिम र असरहरुको सन्दर्भमा नेपालले पेरिस सम्झौताप्रति प्रतिवद्धता जनाउँदै जलवायु सहनीय, हरित तथा दिगो यातायात प्रणालीको विकासलाई प्राथमिकतामा राख्दै आएको छ ।

त्रिसट्ठी हजार पुग्यो विद्युतीय सवारी

राष्ट्रिय यातायात नीति २०८३ अनुसार आर्थिक वर्ष २०८२/८३ सम्म नेपालमा दर्ता भएका कूल विद्युतीय साधनहरुको सङ्ख्या ६३ हजार २८० पुगेको छ ।

आव २०८२/८३ को फागुनसम्म देशभर ६२ लाख ४९ हजार सात सय ३२ सवारीसाधन दर्ता भइसकेका छन् । दर्ता भएकामध्ये सवारीसाधन र यातायातका साधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल रहेका छन् । मोटरसाइकलको हिस्सा ८० प्रतिशतभन्दा बढी छ ।

दुई हजारभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार

नेपाल विद्युत् प्राधिकरण चार्जिङ्ग स्टेशन निर्माण आयोजनाका सहायक प्रबन्धक सागरमणि अधिकारीका अनुसार नेपालभर करिव दुई हजार विद्युतीय सवारीसाधनको चार्जिङ्ग स्टेशन निर्माण भइसकेका छन् ।

"अहिले त मुलुकका हरेकजसो सहरमा विद्युतीय सवारीसाधनका चार्जिङ्ग स्टेशन तयार भइसकेका छन्", उहाँले भन्नुभयो, "सरकारी तवरबाट मात्रै एक सयभन्दा धेरै चार्जिङ स्टेशन रहेका छन् भने निजी क्षेत्रको तर्फबाट एक हजार नौ सयभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार भइसकेका छन् ।" उहाँले विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको रोजाई बढेसँगै चार्जिङ्ग स्टेशन पनि धमाधम निर्माण भइरहेको बताउनुभयो ।

"सरकारले विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने नीति अघि सारेकाले पनि विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको छ," उहाँले भन्नुभयो, "सरकारले चारपाङ्गे विद्युतीय सवारीसाधनभन्दा पनि विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्ने नीति अघि सार्नुपर्ने बेला भइसकेको छ । सो व्यवस्था हुन सकेन । त्यसले दीर्घकालीन रुपमा नै व्यवस्थित गराउन मद्दत पुऱ्याउनेछ ।"

यस्तो छ आयातको अवस्था

नेपालमा गत आव २०८२/८३ मा रु २५ अर्ब ५५ करोड ९९ लाख १७ हजार मूल्य पर्ने १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार विभागका अनुसार गत आवमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न मोडलका विद्युतीय सवारीसाधन यहाँ भित्रिएका थिए । विभागका अनुसार गत आर्थिक वर्षमा रु छ अर्ब ४८ करोड ८६ लाख ७९ हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका तीन हजार ६८० विद्युतीय जीप, कार तथा भ्यानहरु आयात भएका छन् ।

त्यस्तैगरी गत आवमा रु १६ अर्ब ४९ करोड ८९ लाख ४६ हजार मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका छ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् ।

गत आवमा रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार मूल्य मूल्य पर्ने एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका ७९८ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् । यस्तै गत आवमा भने रु ७१ करोड ७४ हजार मूल्य पर्ने दुई सय एक किलोवाट क्षमताका १० वटा विद्युतीय सवारीसाधन भित्रिएको छ । भन्सार विभागका अनुसार आव २०८१/८२ मा भने रु ३१ अर्ब ७४ करोड ५३ लाख ११ हजार मूल्य पर्ने विभिन्न मोडलका १३ हजार ५६७ वटा विद्युतीय सवारीसाधन आयात भएको थियो । विभागका अनुसार आव २०८१/८२ मा रु आठ अर्ब ३१ करोड १४ लाख ८० हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका चार हजार ७३२ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । त्यस्तैगरी सोही आवमा रु १८ अर्ब ६२ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका सात हजार ४३१ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । आव २०८१/८२ मा नै रु चार अर्ब ५३ करोड मूल्य पर्ने १०१ किलोवाटदेखि दुई सय किलोवाट क्षमताका एक हजार ३६२ वटा विद्युतीय, जीप, कार र भ्यान आयात भएको छ ।

नाडाका पूर्वअध्यक्ष थापा पनि सरकारले विद्युतीय सवारीको निश्चित मापदण्ड तोकेर आयात गर्ने व्यवस्था लागू गर्नुपर्ने सुझाव दिनुभयो । "सरकारले कमसल खालका भन्दा पनि गुणस्तरीय र भरपर्दो खालका विद्युतीय सवारीसाधन भित्राउने नीति लिएको खण्डमा सर्वसाधारणलाई धेरै लाभदायक हुने थियो ।"

उहाँले विद्युतीय सवारीसाधन आयातकर्तालै पनि सवारीसाधनको पार्टपूजा र अन्य मर्मतसम्भारका लागि आवश्यक पर्ने उपकरण पनि सँगै ल्याउनको लागि पनि अनुरोध गर्नुभयो । राष्ट्रिय यातायात नीति, २०८३ अनुसार कुल सवारी फ्लिटको ८० प्रतिशतभन्दा बढी हिस्सा मोटरसाइकलले ओगटेकाले सडक क्षमता ओगट्ने औल्याएको छ ।

दुई पाङग्रे सवारीसाधनको अत्यधिक दबावमा पर्नुका साथै दुर्घटना जोखिम, सवारी चाप र वायु प्रदुषण बढेको बताइएको छ ।

नीतिमा यातायात क्षेत्रको वातावरणीय दिगोपन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले विगतमा विभिन्न नीतिगत तथा कार्यक्रमगत पहलहरू अघि बढाउँदै आएको बताइएको छ ।

## पहिरोपीडित परिवारलाई एक लाख एक हजार सहयोग

दमौली । तनहुँको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाको भावनालाई आत्मसात् गर्दै गोरखाको लक्ष्मीबजारका पहिरोपीडित परिवारलाई आर्थिक सहयोग गरेको छ ।

वर्षाका कारण गोरखाको लक्ष्मीबजारमा यही साउन १८ गते मानसिंह गुरुङको घर पहिरोबाट भएपछि विपद्मा परेको परिवारलाई समितिले रु एक लाख एक हजार १११ आर्थिक सहयोग हस्तान्तरण गरेको हो । थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा पदमबहादुर गुरुङले आफ्ना स्वर्गीय बुवा लोकबहादुर गुरुङको स्मृतिमा रु दश लाखको 'लोक बहादुर गुरुङ स्मृति अक्षयकोष' स्थापना गर्नुभएको छ ।

उक्त अक्षयकोषबाट प्राप्त हुने ब्याज रकम सामाजिक सेवा, मानवीय सहयोग तथा विपद्मा परेका व्यक्तिको राहतमा उपयोग गर्ने उद्देश्य राखिएको छ । सोही उद्देश्यअनुसार अक्षयकोषबाट प्राप्त ब्याजबाट पहिरोपीडित परिवारलाई सहयोग गरिएको समितिले जनाएको छ ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

**लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।**

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- **घर वरिपरि पानी जम्न नदिऔं,**
- **घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,**
- **गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,**
- **शरिर ढाक्ने कपडा लगाऔं,**
- **सुत्दा झुल टाँगेर मात्र सुतौं,**
- **झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।**

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

**नेपाल सरकार,**

**विज्ञापन वोर्ड**

## साउनको अन्तिम सोमबारः गोदान, पूर्णपात्र गरी साउने व्रत समापन

काठमाडौँ । सौरमास अनुसार साउनको पहिलो सोमबारदेखि देवादिदेव महादेवको पूजाआराधना गरी व्रत बसेका भक्तजनले आज गोदान, पूर्णपात्र गरी व्रत समापन गरेका छन् । भक्तजनले शिवको विशेष पूजाआराधना गरी साउने सोमबारको व्रत समापन गरेका हुन् ।

धेरैजसो भक्तजनले भने साउन महिनाका पाँचवटै सोमबार गरेको व्रत समापनका लागि गोदान, पूर्णपात्र गर्ने परम्परा रहिआएको छ । आज बिहानैदेखि पशुपतिनाथ मूल मन्दिरको बाहिरी क्षेत्रमा गोदान, पूर्णपात्र गर्न बस्ने ब्राह्मण पुरोहित र वर्तालु भक्तजनको घुइँचो थियो ।

विशेषगरी वैदिक सनातन हिन्दू धर्मावलम्बीले साउनको सोमबार नियमित व्रत बस्ने गर्छन् । साउन महिना र सोमबारलाई शिवजीको महिना एवं बार भनी धर्मग्रन्थमा उल्लेख गरिएको छ । साउनको सोमबार जलधारा मात्र दिए पनि शिवजी प्रसन्न भई इच्छा पूरा गरिदिने, पारिवारिक सुख, शान्ति दिने भएकाले सनातन धर्मावलम्बीले विशेष महिनाका रूपमा मनाउने परम्परा छ। साउनको पनि सोमबार विशेष मानिन्छ ।

धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले शिवजीले चन्द्रमालाई शिरमा धारण गरेकाले सोमबारलाई शिवजीको बारका रूपमा मानी यस दिन आराधना गर्ने गरिएको बताउनुभयो । परम्पराअनुसार कुनै कूलविशेषले चान्द्रमास अनुसारका श्रावण महिनामा साउने सोमबारको व्रत गरे पनि कर्कट राशिमा सूर्य भएका सोमबार विशेष रूपमा शिवजीको आराधना गर्ने शास्त्रीय विधि रहेको उहाँले जानकारी दिनुभयो ।

यस वर्ष साउन ४, ११, १८ र २५ गते गरी चार वटा सोमबार परेकामा आज अन्तिम सोमबार व्रत विशेष पूजा वा गोदान, पूर्णपात्र गरी विधिपूर्वक समापन गरिएको हो । नयाँ व्रत सुरु गर्नेले पाँच वटा सोमबार परेको वर्षदेखि आरम्भ गर्नुपर्छ भनी लोकमा गरिने व्यवहारमा शास्त्रीय मत नमिल्ने पनि अध्यक्ष गौतमले जानकारी दिनुभयो । शास्त्रीय मान्यता अनुसार चार वटा सोमबार परेको वर्षदेखि पनि नयाँ वर्तालुले आराधना गर्न सक्छन् ।

साउने सोमबारको व्रत गरेमा यस लोकमा सुख, शान्ति र परलोकमा सद्गति प्राप्त हुने शिवपुराणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । साउने सोमबार र तिजको हरितालिका व्रत महिलाले मात्र गर्नुपर्ने भन्ने व्यवहारमा देखिए पनि शास्त्रीय मत अनुसार महिला/पुरुष दुवैले यो व्रत गर्नुपर्ने उहाँले बताउनुभयो । प्रायः परिवारमा महिलाले सबैको प्रतिनिधित्व गरेर व्रत बस्ने गरेका हुन् ।

धेरैले शिवजीको महिना भनी साउनमा मासं, मदिरा सेवन गर्दैनन् । शिवजीलाई जलधारा प्रिय हुने भएकाले यस महिनामा पवित्र तीर्थस्थलबाट जल लगेर पशुपतिनाथ लगायत शिवालयमा चढाउने भक्तजनको पनि भीड लाग्ने गरेको छ । भक्तजनले वाग्मती मुहान क्षेत्र सुन्दरीजलबाट पशुपतिसम्म बोलबम गरी जल चढाएका हुन् ।

साउनभर बोल बम यात्रीले सुन्दरीजल भरिभराउ भयो । भोलेनाथ काँवरिया सङ्घ, बोल बम काँवरिया सङ्घ, श्री पशुपतिनाथ काँवरिया समितिलगायत संस्थाले यस वर्ष बोल बम काँवर यात्रा गरेका थिए । धेरै नेपालीले वर्षमा एकपटक साउन महिनामा घरमा वैदिक रुद्राभिषेक समेत गर्ने परम्परा छ ।

साउनमा भक्तजनको विशेष घुइँचो लाग्ने पशुपतिनाथ मन्दिरलगायत ठूला, साना शिवालय भक्तजनको लाम देखिन्थ्यो । साउनको अन्तिम सोमबार आज गोकर्णेश्वर महादेव मन्दिर, नागेश्वर मन्दिरलगायत देशभरका शिवालयमा गोदान, पूर्णपात्र गरी साउने सोमबारको व्रत समापन गर्ने भक्तजनको घुइँचो लागेको जनाइएको छ ।

## राष्ट्रिय वन पुरस्कार प्रदान

काठमाडौँ । वन संरक्षण, व्यवस्थापन तथा विकासमा योगदान पुर्‍याउने उत्कृष्ट व्यक्ति तथा वन उपभोक्ता समूहलाई विभिन्न विधामा राष्ट्रिय वन पुरस्कार प्रदान गरिएको छ ।

सामुदायिक वन दिवसका अवसरमा सोमबार काठमाडौँस्थित राष्ट्रिय प्रकृति संरक्षण कोषमा आयोजित राष्ट्रिय पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रममा कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले उत्कृष्ट व्यक्ति तथा वन उपभोक्ता समूहलाई नगदसहित सम्मानपत्र हस्तान्तरण गर्नुभएको हो ।

निजीतर्फ तनहुँको बन्दीपुर गाउँपालिका-१ का मानकाजी श्रेष्ठको वन प्रथम, मोरङको मिक्लाजुङ गाउँपालिका-८ का महेन्द्र भण्डारीको द्वितीय र रौतहटको यमुनामाई गाउँपालिका-४ का रञ्जीतकुमार सिंहको वन तृतीय भएको छ ।

कबुलियतीतर्फ तेह्रथुमको फेदाप गाउँपालिका-३ स्थित चिप्लीढुङ्गा कबुलियती वन समूह प्रथम, नवलपुरको हुप्सेकोट गाउँपालिका-६ स्थित एकले फोक्सिङ कबुलियती वन उपभोक्ता समूह द्वितीय र तनहुँको म्याग्दे गाउँपालिका-५ स्थित डुनडाँडा कबुलियती वन समूह 'क' तृतीय भएको छ ।

साझेदारीतर्फ मोरङको सुन्दरहरैँचा नगरपालिका-१० स्थित लोहन्द्रा केराबारी साझेदारी वन उपभोक्ता समूह प्रथम, नवलपुरको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूह द्वितीय र कपिलवस्तुको मायादेवी साझेदारी वन उपभोक्ता समूह तृतीय भएको छ । गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारतर्फ मोरङको लेटाङ नगरपालिका-९ स्थित वसन्त हरियाली सामुदायिक वन उपभोक्ता समूह प्रथम भएको छ । काठमाडौँको कीर्तिपुर नगरपालिका-६ स्थित जलविनायक सामुदायिक वन उपभोक्ता समूह द्वितीय र कास्कीको पोखरा महानगरपालिका-२५ स्थित तीव्रेकोट सामुदायिक वन उपभोक्ता समूह तृतीय भएको छ ।

सोही विधामा चितवनको कालिका नगरपालिका-१ स्थित चतुर्मुखी सामुदायिक वन उपभोक्ता समूह, कपिलवस्तुको वाणगङ्गा नगरपालिका-९ स्थित कोइली चौर साना किसान सामुदायिक वन उपभोक्ता समूह, तनहुँको म्याग्दे गाउँपालिका-२ स्थित उमाचोक सामुदायिक वन उपभोक्ता समूह र नवलपुरको गैँडाकोट नगरपालिका-६ र ७ स्थित नारायणी सामुदायिक वन उपभोक्ता समूहले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् । गणेशबहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारतर्फ डिभिजन वन कार्यालय सिन्धुलीका रेन्जर राजकुमार मतारा प्रथम, ललितपुरका रेन्जर सुनिल आचार्य द्वितीय र उदयपुरका विनोद भुजेल तृतीय हुनुभएको छ ।

यस विधामा डिभिजन वन कार्यालय मोरङका जमदार गणेशबहादुर बस्नेत, वन रक्षक जयप्रसाद खतिवडा र रेन्जर घनश्याम शाहले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । पुरस्कार प्राप्त गर्ने व्यक्ति तथा समूहलाई वन संरक्षण, दिगो वन व्यवस्थापन तथा वातावरण संरक्षणमा पुर्‍याएको योगदानका आधारमा सम्मान गरिएको जनाइएको छ ।

## २०औँ एशियन खेलकुदः चार खेलको तयारी भारत र चीनमा

महेन्द्रनगर । जापानमा हुने २०औँ एसियाली खेलकुद (एसियाड) मा प्रतिस्पर्धाका लागि नेपालबाट प्रतिनिधित्व गर्ने चार खेलका खेलाडी भारत र चीनमा तयारी गरिरहेका छन् । बाइस वटा खेलमा १३६ जना खेलाडीले नेपालको प्रतिनिधित्व गर्दै व्यक्तिगत र समूह खेलमा २०औँ एसियाडमा सहभागी हुँदैछन् ।

राष्ट्रिय खेलकुद परिषद् तालिम तथा प्रशिक्षण विभागका निर्देशक विष्णुबहादुर सिंहले कुस्ती, कबड्डी (महिला तथा पुरुष) र बक्सिङको टिम भारत र उसुको थाउलो टोली चीनको कुन्मिङ पुगेको जानकारी दिनुभयो । उहाँले चार टोली बाहिर प्रशिक्षणमा रहदा बाँकी १८ खेलका खेलाडी भने स्वदेशमा आन्तरिक तयारी गरिरहेका बताउनुभयो ।

एसियाड खेलकुदकै तयारीअन्तर्गत नेपालको कुस्ती टोली लिएर तयारीका लागि भारतको अयोध्यास्थित नन्दनीनगर पुग्नुभएका कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्दले कुस्ती खेलाडीबाट नेपालले पदकको आशा गरेको बताउनुभयो । पुरुष तथा महिला गरी छ जना कुस्ती खेलाडीसहित भारत पुगेका प्रशिक्षक चन्दले भारतमा खेलाडीले राम्रो तयारी गर्ने अवसर पाएका बताउनुभयो ।

"दुई महिनाको अभ्यासका लागि हामी यहाँ आएका छौँ । खेलाडीले माथिल्लोस्तरका अन्य खेलाडीसँग अभ्यास गर्ने अवसर पाएका छन्", उहाँले भन्नुभयो, "यसअघिको एसियाडमा सहभागी भइसकेका खेलाडीले प्रतिस्पर्धाको तयारी मेहनतका साथ गरिरहेका छन् । पदकको आशा गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

भारतको उत्तर प्रदेशस्थित मेरठमा नेपाली पुरुष कबड्डी टिम तयारीमा जुटेको छ । भने महिला कबड्डी टिम भारतकै हरिणामा प्रशिक्षणरत छ । पुरुष कबड्डी टिमका मुख्य प्रशिक्षक विष्णुदत्त भट्टले दुवै टिमले भारतका विभिन्न कबड्डी टिमसँग अभ्यास खेल खेलिरहेको बताउनुभयो ।

"पुरुष कबड्डीमा हाम्रो पोलमा मुख्य प्रतिस्पर्धी भनेको पाकिस्तान र थाइल्याण्ड हुन् । थाइल्याण्डलाई हामीले पराजित गरेका छौँ", प्रशिक्षक भट्टले भन्नुभयो, "१९औँ एसियाडमा त महिला कबड्डीले काष्य पदकसमेत जितेको इतिहास ताजा छ ।" प्रशिक्षकसहित १४/१४ जनाको कबड्डी पुरुष तथा महिला टिम भारतमा डेढ महिना तयारी गर्नेछ ।

"पुरुष टिममा नयाँ र पुराना खेलाडीको समीक्षण छ", भट्टले भन्नुभयो, "विगतका अन्तरराष्ट्रियस्तरमा खेलेका अनभुवी खेलाडीलाई यस पटकको एसियाडमा उपयोग गरेर पदक दिलाउने गरी तयारी भइरहेको छ ।" त्यसैगरी बक्सिङ टोली अन्तिम तयारीका लागि आइतबार भारतको आसाम प्रस्थान गरेको छ । पुरुष र महिला गरी सात खेलाडी र प्रशिक्षकसहितको टिमलाई आइतबार झापाबाट बिदाइ गरिएको थियो । टोलीमा प्रशिक्षकका रूपमा खटिनुभएका दीपक मर्हजनले एसियाड खेलकुदमा बक्सिङ खेलबाट पदकको आशा गर्न सकिने बताउनुभयो । काठमाडौँमा आन्तरिक प्रशिक्षणपछि अन्तिम तयारीका लागि आसाम पुगेको नेपाली बक्सिङ टिममा अनुभवी र मेहनती खेलाडी छन् ।

नेपाल बक्सिङ सङ्घका केन्द्रीय अध्यक्ष राम अवालेले एसियाडमा नेपाली बक्सिङ खेलाडीबाट पदकको आशा गरिएको बताउनुभयो । "सन् २०१० यता हामीले एसियाडमा बक्सिङमा पदक पाएका छैनौँ", उहाँले भन्नुभयो, "विश्वमै बक्सिङमा अग्रस्थानमा रहेको भारतमा हाम्रा खेलाडीले डेढ महिना अन्तिम तयारी गरेर प्रतिस्पर्धा गर्नेछन् ।" उहाँले तयारी प्रशिक्षणको लागि सहयोग गरेकामा भारतप्रति धन्यवाद व्यक्त गर्नुभयो । सन् २०१० मा चीनको ग्वाङ्झाउमा भएको एसियन खेलकुद प्रतियोगितामा नेपालका लागि काष्य पदक दिलाएका दीपक मर्हजन अहिले बक्सिङ टिमका प्रशिक्षकको भूमिकामा छन् । त्यस यताका तीन वटा एसियाड संस्करणमा नेपाली बक्सिङले पदक जित्न सकेको छैन् ।

## ग्यास अभाव हुँदैन : ग्यास उद्योग संघ

काठमाडौँ । नेपाल एलपी ग्यास उद्योग सङ्घले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिण्डर सञ्चय 'होल्ड' नगर्न उपभोक्तामा आग्रह गरेको छ । भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिण्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न सङ्घले सबैमा आग्रह गरेको हो ।

"उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ । आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन", सङ्घका अध्यक्ष दिवानबहादुर चन्दले आइतबार (हिजो) जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल आयल निगमको पहलमा भारतको विभिन्न शोधनशाला (रिफाइनरी) बाट सहज रूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको छ । पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ । यस आधारमा चालु आवको साउनमा करिब ५५ हजार मेट्रिकटन ग्यास आयात हुने अनुमान गरिएको छ ।

गत आवको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिकटन ग्यास आयात भएको थियो । उपभोक्तालाई बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाउँदै ग्यास उद्योग सङ्घले घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखी ग्यास बिक्रीवितरण गर्न पनि बिक्रेतासँग आग्रह गरेको छ ।

## नेपालको विशेष सेवा ऐनको साविकको व्यवस्था जगाउने विधेयक पारित

काठमाडौँ । प्रतिनिधिसभाको सोमबारको बैठकले नेपालको विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३ लाई सर्वसम्मतिले पारित गरेको छ ।

सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकलाई सदनको बैठकमा निर्णयार्थ प्रस्तुत गर्दै पारित भएको घोषणा गर्नुभयो । बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त विधेयक पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको भएको थियो । बैठकमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपालको विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत सर्वसम्मतिले स्वीकृत गरेको छ ।

बैठकमा प्रधानमन्त्री शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गौतमले उक्त विधेयक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको भएको थियो ।

मन्त्री गौतमले अनुसन्धान गर्ने निकाय कुनै एकै स्थानमा मात्र विषय नभई सबै खालका सूचना प्रधानमन्त्रीसमक्ष पुग्दा राम्रो हुने र प्रधानमन्त्री स्वयंले देशको समग्र सुरक्षाको चासो राख्नुपर्ने भएकाले यस्ता विषय प्रधानमन्त्री कार्यालयअन्तर्गत रहने गरी बनाउनुपर्ने सरकारको धारणा हो । उहाँले अर्थ मन्त्रालय, गृह मन्त्रालय मात्रै नभएर सबै खालको अनुसन्धान गुप्तचर निकायले गर्नुपर्ने भएकाले यो विधेयकले प्रधानमन्त्री कार्यालयअन्तर्गत राष्ट्रिय अनुसन्धान व्युरोलाई राख्न खोजिएको बताउनुभयो । यसअघि, छलफलमा सांसदहरु सृष्टि भट्टराई, ललिताकुमारी, गणेशबहादुर विश्वकर्मा, दीपककुमार शाह, शाहजान खातुन, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्धिकीले भाग लिँदै आफ्नो धारणा, जिज्ञासा तथा सुझाव राख्नुभएको थियो ।

## दाइजो प्रथा अन्त्यका लागि राष्ट्रिय अभियान सुरु गरिने

काठमाडौँ । दाइजो प्रथा अन्त्यका लागि मधेस प्रदेशबाट राष्ट्रिय अभियान सुरु गर्न लागिएको छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादी र मधेसी आयोगका पदाधिकारीबीच आज मन्त्रालयमा सोही विषयमा छलफल भएको हो ।

छलफलका क्रममा दाइजो प्रथा विरुद्धको राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन आवश्यक राय, सुझाव तथा सहकार्यका विषयमा विचारविमर्श भएको थियो । मधेसबाट अभियानको सुरुआत गरी क्रमशः देशभर विस्तार गर्दै अभियानलाई समुदायस्तरसम्म पुर्‍याउने लक्ष्य रहेको जनाइएको छ ।

दाइजो प्रथा महिलामाथिको आर्थिक तथा सामाजिक शोषण, लैङ्गिक विभेद र घरेलु हिंसासँग जोडिएको गम्भीर सामाजिक कुरीति भएको उल्लेख गर्दै यसको अन्त्यका लागि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिइएको थियो । मन्त्री वादीले 'दाइजोमुक्त नेपाल' निर्माणलाई सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । परिवार र समुदायबाटै दाइजो प्रथाविरुद्ध चेतना विस्तार गर्दै युवा, महिला, स्थानीय तह, शैक्षिक संस्था, सामाजिक तथा धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यमलगायत सबै पक्षलाई अभियानमा जोड्नुपर्ने उहाँले बताउनुभयो ।

यसअघि प्रतिनिधिसभाकी उपसभामुख रुबी कुमारीसँग पनि दाइजो प्रथा अन्त्य गर्ने तथा 'दाइजोमुक्त नेपाल' अभियानका विषयमा छलफल भएको जानकारी गराउँदै मन्त्री वादीले आगामी दिनमा यस विषयमा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग पनि छलफल गरी परामर्श लिने र प्राप्त राय सुझावका आधारमा अभियानलाई अघि बढाइने बताउनुभयो ।

## सरकारका प्रवक्ता र सम्पादकबीच छलफल

काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र विभिन्न सञ्चार माध्यमका सम्पादकबीच सरकारी सूचना प्रवाह, शिक्षा सुधार तथा सरकार-सञ्चारमाध्यम सम्बन्धका विषयमा छलफल भएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा सोमबार भएको छलफलमा सम्पादक तथा वरिष्ठ पत्रकारले सरकारी सूचना समयमै, सहज र पारदर्शी रूपमा सञ्चार माध्यमलाई उपलब्ध गराउनुपर्ने बताउनुभएको छ।

उहाँहरुले प्रधानमन्त्री तथा अन्तर मन्त्रालयका गतिविधि, सरकारी निर्णय र नीतिगत विषयमा सञ्चार माध्यमको सहज पहुँच सुनिश्चित गर्न सरकारको सूचना प्रणाली थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । वरिष्ठ पत्रकारले रणनीतिक महत्त्वका नीतिगत निर्णय गर्नुअघि सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल र राय-सुझाव लिन सरकारलाई सुझाव दिनुभएको छ।

छलफलमा शिक्षा प्रणाली सुधारका लागि विद्यालय शिक्षाको नीतिमा आवश्यक परिवर्तन गर्नुपर्ने विषय पनि उठेको थियो। सहभागीले विद्यालय तथा उच्च शिक्षालाई व्यावहारिक, वैज्ञानिक र जनमुखी बनाउन दीर्घकालीन नीतिगत सुधार आवश्यक रहेको जानकारी दिनुभयो । सरकारका प्रवक्ता समेत रहनुभएका शिक्षामन्त्री पोखरेलले सरकारी सूचना प्रवाहलाई थप व्यवस्थित, सरल र प्रभावकारी बनाउन मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

उहाँले सरकार लोकतान्त्रिक प्रक्रिया र प्रणालीबाट आएको भन्दै सरकारका काम कारवाही लोकतान्त्रिक मूल्य-मान्यताअनुसार हुने स्पष्ट कुरा समेत पार्नुभयो। "वर्तमान सरकार एक्सनबाट होइन, प्रजातान्त्रिक प्रक्रियाबाट जनमत लिएर आएको हो । त्यसैले सरकारको लोकतन्त्रप्रतिको प्रतिबद्धता रहन्छ", मन्त्री पोखरेलले भन्नुभयो, "जनताको आशा र भरोसालाई साकार पार्न अहोरात्र खटिएका छौं ।"उहाँले जनताका दैनिक आवश्यकता लाई केन्द्रमा राखेर सुशासन र पारदर्शिता लाई प्राथमिकता दिइएको बताउनुभयो । विश्वविद्यालयका पदाधिकारी नियुक्ति पारदर्शी र निष्पक्ष रूपमा गरिएको दाबी गर्दै उहाँले विश्वविद्यालयलाई स्वायत्तता प्रदान गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नीतिगत सुधार अघि बढाइएको जानकारी दिनुभयो।

देश सञ्चार डटकमका सम्पादक तथा वरिष्ठ पत्रकार युवराज घिमिरेले सरकारी सूचना समयमै र पारदर्शी रूपमा सञ्चार माध्यमलाई उपलब्ध गराउनुपर्ने बताउनुभयो। हिमालय टेलिभिजन तथा अनलाइन खबरका समूह सम्पादक उमेश चौहानले जनताको भरोसा र जनमत प्राप्त सरकारले जनआकांक्षा पूरा गर्दै शिक्षा क्षेत्रमा रहेका बेथितिलाई नीतिगत रूपमा सुधार गर्नुपर्ने बताउनुभयो। सेतोपाटी डटकमका सम्पादक सुदीप श्रेष्ठले सरकारले गरिरहेका काम तथा सुधारबारे आमनागरिकले सहज रूपमा जानकारी पाउनुपर्ने बताउनुभयो। अनलाइनखबरका प्रधानसम्पादक बसन्त बस्नेतले सरकार र सञ्चार माध्यमबीच निरन्तर संवादले सूचनाको सहजता बढाउनुका साथै दुवैबीचको दूरी कम गर्ने बताउनुभयो । कान्तिपुर दैनिकका प्रधानसम्पादक गोकर्ण अवस्थीले सूचना सहज रूपमा प्रवाह हुन नसके 'मिस-इन्फर्मेसन' र 'डिसइन्फर्मेसन' को जोखिम बढ्ने बताउनुभयो।

शिलापत्र डटकमका सम्पादक योगेश ढकालले विश्वविद्यालय प्रतिको विश्वासलाई संस्थागत रूपमा बलियो बनाउन आवश्यक नीतिगत परिवर्तन गर्नुपर्ने बताउनुभयो। पत्रकार बिनु सुवेदीले सरकार र सञ्चार माध्यमबीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउँदै सूचना प्रवाह र जनस्तरको सम्बन्ध थप प्रगाढ बनाउनुपर्ने बताउनुभयो।

उहाँले विद्यालय तहको पाठ्यक्रममा व्यापक सुधार आवश्यक रहेको सुझाव दिनुभयो । द काठमाडौं पोस्टका समाचार सम्पादक विनोद घिमिरेले सरकारी सूचना दिने प्रणालीलाई सरल र सहज बनाउनुपर्नेमा जोड दिनुभयो। शिक्षामन्त्रीका सल्लाहकार सरोज गौतमले छलफलको सहजीकरण गर्नुभएको थियो।

## संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रामिक सम्बन्धी विधेयक बहुमतले स्वीकृत

काठमाडौं । प्रतिनिधिसभाको सोमबारको बैठकले 'संवैधानिक निकायका पदाधिकारी हरुको पारिश्रामिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ विचार गरियोस' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ।

बैठकमा उक्त विधेयक प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सो प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

यसअघि, छलफलमा सांसदहरु रीना उप्रेती, लीमा अधिकारी आचार्य, कृष्णहरि बुढाथोकी, गंगालक्ष्मी अवाल, जनकसिंह धामी, कालीबहादुर शाह, माधवबहादुर थापा, कमल सुवेदी, प्रमीलाकुमारी गछदार, पारशमणि गेलाल, पार्वती विक, निराशा चौधरी दगौरा, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्दिकीले भाग लिदै आफ्नो धारणा, जिज्ञसा तथा सुझाव राख्नुभएको थियो।

छलफलमा उठेका जिज्ञासामा मन्त्री गौतमले जनताले तिरेको करको सदुपयोग गर्न र दोहोरो सुविधा लिन नपाउने विषय भएको १३ आयोगका ६५ पदाधिकारी धेरैजसो पेन्सन खाने भएकाले तलब लिदा पेन्सन लिन नपाउने व्यवस्था गर्न लागेको बताउनुभयो।

संवैधानिक आयोगमा नियुक्ति गर्न उपयुक्त पासलाई दोहोरो सुविधा लिन नपाउने भन्ने सरकारको स्पष्ट धारणा रहेको जनाउँदै काम गरेबापत पारिश्रामिक लिने तर एकद्धारा प्रणालीबाट मात्र लिने व्यवस्था गर्न खोजेको बताउनुभयो। उहाँले दफाबार छलफलमा थप सुझाव आउने भएकाले अझ वृहत छलफल हुने विश्वास गर्नुभयो । प्रतिनिधिसभा बैठक जारी छ।

## मृतक मेहताको परिवारबीच सात बुँदे सहमति

काठमाडौं । सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्मा यही साउन १० गते भएको घटनामा मृत्यु भएका रवीन्द्रकुमार मेहताको परिवार र सरकारबीच सात बुँदे सहमति भएको छ। मेहताका अभिभावक र नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङबीच आज भएको सहमति अनुसार मेहतालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने सहमति भएको छ।

सहमतिमा साउन १० गते राति देवानगञ्ज-३, कसानगञ्जमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीउपर प्रचलित कानुन बमोजिम आवश्यक कारबाही तत्काल अघि बढाउने उल्लेख छ। देवानगञ्ज-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति भएको छ। सहमतिपत्रमा सरकारले मृतकका परिवारका एक जना योग्य सदस्यलाई रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने उल्लेख छ। घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाउने पनि सहमतिमा उल्लेख छ।

नेपाल सरकारले मृतकको शव नेपाली सेनाको हेलिकप्टरमार्फत देवानगञ्ज गाउँपालिका-३ सुनसरी लैजाने व्यवस्था गरी मृतकको दाहसंस्कार गर्ने सहमति गरेको छ । घटनामा मृत्यु भएका तीन जनाको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा यसै वर्ष बजेट विनियोजन गरी स्मृति पार्क निर्माण गर्ने सहमति भएको छ।

## स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने सरकारको प्राथमिकतामा

काठमाडौं। युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले युवालाई देशभित्र नै रोजगारीका अवसर प्राप्त हुने गरी सीप विकास रोजगारीका कार्यक्रम नेतृत्व विकास उदमशिलता प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालनमा रहेको बताउनु भएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुको प्रश्नको जवाफ दिँदै उहाँले युवाका सवाल रोजगारी सीप सूचना प्रविधि उदमशीलता जलवायु परिवर्तन खेलकुद नवप्रवर्तन र सामाजिक नेतृत्वसँग जोडिएका बहुआयमिक विषय रहेको प्रष्ट पार्नुभयो । मन्त्री यादवले मन्त्रालयले युवा लक्षित कार्यक्रम सञ्चालन गरिरहेको जानकारी गराउनु भयो।

राष्ट्रिय युवा परिषद्को विषयमा सरकार गम्भीर रहेको जनाउँदै उहाँले युवाको हित को संरक्षण र सम्वर्द्धन गर्दै आएको बताउनुभयो । उहाँले सक्षम सृजनशील नैतिक एवं सभ्य नागरिक तयार गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् क्रियाशील रहेको छ पनि उहाँले प्रष्ट पार्नुभयो।

परिषद्लाई थप प्रभावकारी तथा युवाको सम्बन्धित विषयमा नेतृत्व निकायको रुपमा विकास गर्ने गरी राष्ट्रिय युवा परिषद् ऐन २०७२ को समसामायिक पूर्णावलकन गरी नयाँ ऐन ल्याउन राष्ट्रिय युवा ऐन मस्यौदा तयार भएको उहाँले जानकारी दिनुभयो।

युवाका क्षेत्रमा विकास भएका नयाँ आयाम, नयाँ अन्तरराष्ट्रिय परिवेश तथा अनुभवलाई राष्ट्रिय निर्माणमा परिचालन गर्ने गरी युवा नीति २०८२ आएको मन्त्री यादवले सुनाउनुभयो। यस नीतिले युवा रोजगारी, सूचना प्रविधि, नेतृत्व विकास, जलवायु परिवर्तन र युवा सवाल एआई र रोजगारीका अवसरमा चुनौती तथा युवा विषयमा अन्तरराष्ट्रिय अभ्यास र अनुभव प्रदान जस्ता विषय समेटेर नीतिगत मार्गदर्शन गरेको उहाँले बताउनुभयो।

नीतिले आगामी दशकमा युवालाई विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउने मार्गचित्र गरेको मन्त्री यादवको विश्वास छ। युवालाई नेतृत्व सीप र रोजगारीसँग जोड्ने गरी आगामी आर्थिक वर्षको बजेट विनियोजन भएको र युवाको रोजगार योग्यता बढाउने सीप विकास गर्ने, उदमशिलता प्रवर्द्धन गर्ने श्रम बजारसँग जोड्ने र स्थानीय तहसम्म अवसर विस्तार गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको मन्त्री यादवले जानकारी दिनुभयो।

रोजगार प्रवर्द्धन दशक मन्त्रालयको सर्वोच्च प्राथमिकता रहेको जनाउँदै उहाँले यस अभियानमार्फत स्वदेशमै प्रशस्त अवसरहरु सिर्जना गरी युवा जनशक्तिलाई राष्ट्रिय निर्माणमा लगाउने लक्ष्य रहेको जानकारी दिनुभयो। सहिद परिवार जेनजी आन्दोलनका घाइते अपाङ्गता भएका व्यक्ति सुकुमवासी तथा श्रीमानकृत समुदायलाई लक्षित गरी कार्यस्थलमा आधारित सीप विकास तालिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको सदनलाई जानकारी गराउनुभयो।

## गण्डकी प्रदेशमा तनहुँमा मात्रै पशुको रगत परीक्षण

दमौली । भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँले आधुनिक पशु स्वास्थ्य सेवा सञ्चालनमा ल्याएको छ।

कार्यालय प्रमुख रविनसन अधिकारीका अनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये पशुको रगत परीक्षण सेवा उपलब्ध गराउने कार्यालय तनहुँ मात्रै हो। रगत परीक्षणबाट पशुमा देखिने विभिन्न रोग छिटो पहिचान गर्न सकिने भएकाले उपचार प्रक्रिया सहज र विश्वासनीय बनेको छ । उहाँले भन्नुभयो, "रगत परीक्षणबाट पशुमा देखिएका विभिन्न रोग तथा स्वास्थ्य समस्याको अवस्था पहिचान गरी त्यसैका आधारमा उपचार गर्न सकिने भएकाले उपचार प्रक्रिया थप प्रभावकारी र विश्वसनीय बनेको छ।"

पशुले रोगका लक्षण देखाएपछि त्यसका आधारमा मात्र उपचार गरिँदा रोगको वास्तविक कारण पहिचान गर्न कठिन हुने अवस्थामा रगत परीक्षण गरी रोग पहिचान गर्न सकिने हुँदा पशु उपचारमा आधुनिक स्वास्थ्य परीक्षणको महत्व बढेको कार्यालयले जनाएको छ।

कार्यालयले पशुहरूको हड्डीसम्बन्धी शल्यक्रिया सेवा सुरु गरेको छ। दुर्घटना वा अन्य कारणले हड्डी भाँचिएका तथा जोर्नीसम्बन्धी समस्या भएका पशुहरूको जिल्लामै शल्यक्रिया गरी उपचार गर्न सकिने उहाँले बताउनुभयो।

यसअघि यस्ता जटिल समस्या भएका पशुलाई उपचारका लागि अन्यत्र लैजानुपर्ने अवस्था थियो। पशुलाई लामो दूरीसम्म लैजाँदा थप समस्या हुने तथा किसानलाई अतिरिक्त खर्चसमेत लाग्ने गरेको थियो। जिल्लामै शल्यक्रिया सेवा उपलब्ध भएपछि किसानले समय र खर्च दुवै बचत गर्न सक्ने भएका छन्। यस्तै भिडिओ एक्स-रे सेवासमेत सञ्चालनमा आइसकेको छ। आधुनिक उपकरणमार्फत पशुको आन्तरिक अवस्थाको स्पष्ट परीक्षण गरी रोगको सही निदान र उपचार गर्न त्यो सेवा प्रभावकारी हुने अधिकारीले जानकारी दिनुभयो।

## ब्राउन सुगरसहित एक जना पक्राउ

वीरगञ्ज । प्रहरीले १६.५७ ग्राम ब्राउनसुगरसहित एक जना भारतीय नागरिक पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका वडा-१४ कृष्णप्रणामी चोकमा लागुऔषध ब्राउनसुगरको खरिद बिक्री भइरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय तथा लागुऔषध नियन्त्रण ब्यूरो वीरगञ्जबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतका शत्रुधन पासवानलाई आज पक्राउ गरेको हो । शङ्कास्पद रूपमा पैदल हिँडिरहेका निजलाई रोकी खानतलासी गर्दा भारतको विहार जिल्ला मोतीहारी श्रीपुर ग्रामपञ्चायत-१ निवासी २५ वर्षीय पासवानले लगाएको पाइन्टको खल्तीबाट लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १६.५७ ग्राम फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता चक्रबहादुर मल्लले जानकारी दिनुभयो।

निजलाई ब्राउनसुगर सहित पक्राउ गरी नियन्त्रणमा लिलुका साथै थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

## अधिकारको उपयोग गर्दा सचेत हुन आवश्यक

कास्की । तीव्र गतिमा विकसित भइरहेको डिजिटल सूचना प्रणालीको सुरक्षित, जिम्मेवार र व्यावसायिक प्रयोगमा पत्रकारहरू सचेत हुनुपर्नेमा जोड दिइएको छ।

डिजिटल राइट्स नेपालको आयोजनामा सोमबारदेखि पोखरामा सुरु भएको 'डिजिटल अधिकार र प्रेस स्वतन्त्रता' सम्बन्धी दुईदिने तालिममा डिजिटल प्रविधि र प्लेटफर्मको प्रयोगसँगै पत्रकारको डिजिटल सुरक्षा र अधिकार संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिइएको हो।

तालिमको उद्घाटन गर्दै नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले सञ्चारका डिजिटल प्लेटफर्ममा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता आवश्यक रहेको बताउनुभयो । उहाँले डिजिटल अधिकारको उपयोग गर्दा आवश्यक सावधानी अपनाउन नसके त्यसले गम्भीर जोखिम निम्त्याउन सक्नेतर्फ सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो । अध्यक्ष शर्माले भन्नुभयो, "सरकारले अहिलेको वर्षलाई कानुन बनाउने वर्ष भनेको छ । वर्तमान संविधान जारी भएपछि सञ्चारमाध्यम सम्बन्धी कानुन बन्ने क्रममा छन्। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेन्टी गरेकाले डिजिटल प्लेटफर्मको प्रयोग गर्दा स्वतन्त्रतासँगै सुरक्षित बनाउन जरुरी छ। यसो गरे मात्र नागरिकको अधिकार संरक्षण गर्न सक्छौं।" प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सङ्कुचन हुन नदिन तथा नागरिकको अधिकार सुनिश्चित गर्न महासङ्घले निरन्तर काम गरिरहेको उहाँले बताउनुभयो । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट गलत सूचना र भ्रामक सामग्री फैलिन नदिन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,website: epratyush.com